# कक्षा ८ मा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले स्तरीय नेपाली भाषा सिकाइमा गर्ने उच्चारणगत त्रुटिहरुको अध्ययन


**प्रमोद पासवान**

परीक्षा क्रमाङ्क ४३५००४९/०६९

त्रि.वि.दर्ता नं. ९-२-१३-१५६५-२००७


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङकाय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग

स्नातकोत्तर तह दोस्रो वर्षको ने.पा.शि. ५९८ को प्रयोजनार्थ

प्रस्तुत

**शोधपत्र**

२०७३(२०१६)


नेपाली भाषा शिक्षा विभाग

रा.रा.ता.ज.ब. क्याम्पस, असनपुर

गोलबजार, सिरहा

# प्रतिबद्धता पत्र

यस शोध प्रतिबेदन भित्रका सामग्रीहरु कही कतैबाट सांभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..............................

प्रमोद पासवान

मिति: २०७१।०४।०५

इ.स. 2016/04/17

**त्रिभुवन विश्वविद्यालय**

प.स.: **रामप्रताप रामप्रसाद तामाङ जनता बहुमुखी क्याम्पस**

च.न.: **असनपुर, गोलबजार, सिरहा**

---

## निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपाल शिक्षा ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा ८ मा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले स्तरीय नेपाली भाषा सिकाइमा गर्ने उच्चारणगत त्रुटिहरुको अध्ययन** शीर्षकको शोधपत्र शोधार्थी प्रमोद पासवान द्वारा मेरो निर्देशनमा तयार पारिएको हो । अत्यन्त मिहिनेत र लगनशीलताका साथ तयार पारिएको प्रस्तुत शोधपत्र सम्बन्धित प्रयोजनका लागि उपयुक्त भएकोले आवश्यक मूल्याङ्नका लागि शोध मूल्याङकन समितिमा सिफारिस गर्दछु ।

.......................................

गुलाब कुमारी यादव

(शोधनिर्देशक)

मितिः २०७३।०१।०७

इ.स. 2016/04/19

कृतज्ञता ज्ञापन

**कक्षा ८ मा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले स्तरीय नेपाली भाषा सिकाइमा गर्ने उच्चारणगत त्रुटिहरुको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र हाम्री आदरणीय गुरुआमा गुलाव कुमारी यादवको प्रत्यक्ष निर्देशनमा तयार परिएको हो । आफ्नो कार्य व्यस्तताका बाबजुद पनि यो शोधपत्र तयार पार्न शुरु देखि अन्त्यसम्म निरन्तर सहयोग गरी आवश्यक सरसल्लाह र सुझाव समेत दिनुहुने शोधनिर्देशक ज्यू प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै मेरो शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधकार्यको लागि अनुमति दिनुहुने यस क्याम्पसका एम.एड. कार्यक्रम संयोजक एवंम् विभागीय प्रमुख फुलगेन महासेठ ज्यू प्रति र नेपाली भाषा शिक्षा श्रद्धेय गुरुहरु लगायत सम्पूर्ण विभागीय गुरुहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

मेरो जीवनको हरेक सफलताको प्रत्येक पाइला पाइलामा मेरी पूज्यनीय ममतामयी आमा श्रीवती देवी पासवान र मलाई कर्म सिकाउने पूज्यनीय पिता श्री विलास पासवान प्रति समर्पित छु । उहाँहरु कै प्रेम स्नेह, हौसला हार्दिक उत्प्रेरणा र आशिर्वादले आज मैले आशा नगरेको सफलता प्राप्त गरे र यसको लागी म उहाँहरु प्रति आजीवन ऋणी रहनेछु । त्यस्तै मेरो जीवनलाई हरेक पाइलामा साहारा दिने मेरो ठूलो दाइ सोती पासवान जसले हरक्षण मलाई सहायता गरेर मेरो हौसला बढाएर मलाई निरन्तर कार्यमा लाग्ने प्रेरणा दिइरहनु हुन्छ । उहाँ प्रति म हृदय देखि कृतज्ञ छु ।

यस शोधकार्यमा स्थलगत अध्ययनका लागी सहयोग गर्नुहुने धनुषा जिल्लाका संस्थागत तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा नेपाली विषयका विषय शिक्षकहरु प्रति आत्मैदेखि कृतज्ञ प्रदान गर्दछु । साथै यस अनुसन्धानको हरेक क्रियाकलापलाई प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्ने मेरो प्रिय भाइ लिल बहादुर थापा प्रति आभारी छु ।

त्यसैगरी प्रस्तुत शोधप्रत्रलाई शुद्ध, छिटो र सरल ढङ्गले कम्प्यूटर टाइप तथा छपाई गर्न सहयोग गर्नु हुने राम पुकार यादव लाई पनि धन्यवाद दिन चाहन्छु ।

..............................

शोधार्थी

प्रमोद पासवान

# शोधसार

शोध शीर्षक : कक्षा ८ मा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले स्तरीय नेपाली सिकाइमा गर्ने उच्चारणगत त्रुटिहरुको अध्ययन ।

शोधार्थीको नाम : प्रमोद पासवान

शैक्षिक वर्ष : २०६८/२०६९

विभाग : नेपाली भाषा शिक्षा विभाग, रा. रा. ता. ज. ब. क्याम्पस, असनपुर, गोलबजार, सिरहा ।

शोध निर्देशक : गुलाव कुमारी यादव

अध्याय : ५

पृष्ठ संख्या : ५५ + १७

**शोधप्रक्रिया :**

धनुषा जिल्लामा कक्षा ८ मा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले स्तरीय नेपाली भाषा सिकाइमा गर्ने शब्दोच्चारणको त्रुटि पहिचान गर्नु, ग्रामीण र शहरी सामुदायिक विद्यालयमा अध्यनरत कक्षा ८ मा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले नेपाली शब्दोच्चारणमा गर्ने त्रुटिहरुको पहिचान गर्नु ग्रामीण र शहरी क्षेत्रका विद्यार्थीहरु गर्ने त्रुटिहरु पत्ता लगाउनु, छात्र र छात्राहरुले गर्ने त्रुटिमा पाइने भिन्नता पत्ता लगाउनु, ती त्रुटिहरु हुनका कारणहरु पत्ता लगाई सुधारका लागि सुझाव प्रस्तुत गर्नु आदि उद्देश्यमा यो शोधकार्य केन्द्रित रहेको छ । यो शोधपत्रको शीर्षक प्रत्येक मैथिली भाषी विद्यार्थीहरुसंग सम्बन्धित भएकोले मैथिली भाषी विद्यार्थीहरुलाई केन्द्रविन्दु मानेर जनसंख्या, नमुना छनौट विधि र सामग्री संकलन एवम् निर्माण विधि समेत प्रयोग गरी अध्ययनलाई पूर्णता दिइएको छ ।

समय, स्रोत र साधनको अभावको कारणले मैथिली भाषा बोल्ने सम्पूर्ण विद्यार्थीहरुको संख्यालाई यस अनुसन्धानमा समावेश गर्न नसकिने भएकोले धनुषा जिल्ला गोदार स्रोत केन्द्रका दुई वटा ग्रामीण सामुदायिक विद्यालय र दुई वटा शहरी सामुदायिक विद्यालयबाट कक्षा ८ मा अध्ययनरत १०/१० जना विद्यार्थी प्रयोजनमूलक नमूना छनौट पद्धति विधिबाट र पूर्वानुमानित विभिन्न उच्चारण क्षेत्रसंग सम्बन्धित १०० शब्दको उच्चारण गराएर प्राप्त भएको तथ्यांकलाई तालिकीकरण र व्याख्या विश्लेषण गरिएको छ । उपलब्ध तथ्यांकको वस्तुगत अध्ययनको लागि समुहगत प्रतिशत श्रेणी निर्धारण गरी विद्यार्थीहरुको उच्चारण क्षमताको पहिचान गरिएको छ ।

**शोध निष्कर्ष :**

यस अध्ययनको निष्कर्षलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. कक्षा ८ मा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको स्तरीय नेपाली उच्चारण क्षमता सन्तोषजनक नरहेको देखिन्छ । यस अध्ययनमा ५५ प्रतिशत विद्यार्थीहरुले त्रुटिपूर्ण उच्चारण गरेको कुरा पुष्टि हुन्छ ।

२. यस अध्ययनमा ग्रामीण सामुदायिक र शहरी सामुदायिक दुबै विद्यालयका मैथिली भाषी विद्यार्थीहरुको स्तरीय नेपाली उच्चारण क्षमता न्यून देखिन्छ । ग्रामीण विद्यालयका विद्यार्थीहरुले ६० प्रतिशत र शहरी क्षेत्रका विद्यार्थीहरुले ५५ प्रतिशतले त्रुटि गरेका छन् । तुलनात्मक रुपमा हेर्दा शहरी क्षेत्र भन्दा ग्रामीण क्षेत्रका विद्यार्थीहरुले बढी त्रुटि गरेको देखिन्छ ।

३. यस अध्ययनमा छात्रा भन्दा छात्रहरुले कम त्रुटि गरेको पाइयो । छात्राहरुले ६० प्रतिशत र छात्रहरुले ५५ प्रतिशतले त्रुटि गरेको पाइयो । यसबाट छात्रा भन्दा छात्रहरुको शुद्धोउच्चारण क्षमता उच्च रहेको तथ्य प्रमाणित हुन्छ ।

४. मैथिली भाषी विद्यार्थीहरुले त्रुटिपूर्ण उच्चारण भाषिक पृष्ठभूमि, पढाइको गिर्दोस्तर, नेपाली भाषा प्रतिको उपेक्षित दृष्टिकोण, योग्य एवम् तालिम प्राप्त शिक्षकको अभाब परम्परागत शिक्षण पद्धति विद्यार्थीहरुको स्वयम्को हेलचक्राइ पढाइ प्रतिको अरुचि आदि कारणले भएको निष्कर्ष यस अध्ययनबाट प्रमाणित हुन्छ ।

५. शहरी होस् या ग्रामीण सामुदायिक विद्यालयको पढाइ स्तर एकदमै दयनीय देखिन्छ । यसका विभिन्न कारणहरु छन् । जसमध्ये नेपालको शिक्षाको उच्च निकायदेखि लिएर तल्लो निकाय विद्यालय सम्मको कमीकमजोरीहरु हेलचक्राइ, बेवास्ता, निरीक्षणको अभाव आदि कारणले सामुदायिक विद्यालयहरुको स्थिति दिनदिनै दयनीय हुंदैगइरहेको तथ्य पनि हाम्रो सामु छ । झन त्यसमा आर्थिक स्थिति कमजोर भएकाहरुले मात्र छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउने परिपाटीले पनि सामुदायिक विद्यालयका विद्यार्थीहरुका पढाइको स्थिति अति कमजोर देखिन्छ । तसर्थ यी कमी कमजोरीहरुलाई हटाएर योजनावद्ध, व्यवस्थित एवम् बैज्ञानिक पद्धतिको आधारमा शिक्षण सिकाइ प्रक्रियालाई अगाडि पार्नु आवश्यक देखिन्छ

# विषय सूची


| | | |
|---|---|---|
| | **अध्याय : एक** | **पृष्ठ संख्या** |
| | **शोध परिचय** | **१- ४** |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोध प्रयोजन | १ |
| १.३ | समस्या कथन | १ |
| १.४ | शोधपत्रको उदेश्यहरु | २ |
| १.५ | अध्ययनको औचित्य | ३ |
| १.६ | शोधको सीमांकन | ४ |
| १.७ | शोधपत्रको रुपरेखा | ४ |
| **अध्याय : दुई** | | |
| **पूर्वकार्यको अध्ययन सैद्धान्तिक अवधारणा** | | **५-२१** |
| २.१ | पूर्वकार्यको अध्ययन | ५ |
| २.२ | पूर्वकार्यको महत्व | ९ |
| २.३ | त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणा | १० |
| २.३.१ | परिचय | १० |
| २.३.२ | सैद्धान्तिक आधार | ११ |
| २.३.३ | त्रुटिको पहिचान | ११ |
| २.४ | त्रुटिका सम्भाव्य स्रोतहरु | ११ |
| २.४.१ | शब्द रचनागत त्रुटि | ११ |
| २.४.२ | रुप रचनागत त्रुटि | ११ |
| २.४.३ | शब्द प्रयोगगत त्रुटि | १२ |
| २.४.४ | गलत शिक्षण वा शिक्षकको कमजोरी | १२ |
| २.४.५ | कमजोर भाषिक पृष्ठभूमि | १२ |
| २.४.६ | वाक्यगत त्रुटि | १२ |

२.४.७ पाठ्यवस्तुको गलत संयोगत १२
२.५ उच्चारण त्रुटिहरुको क्षेत्र १२
२.५.१ घोषत्व सम्बन्धित त्रुटिहरु १३
२.५.२ प्राणत्व सम्बन्धित त्रुटिहरु १३
२.५.३ ‘ट’ को स्थानमा ‘त’ र ‘त’ को स्थानमा ‘ट’ वर्णको उच्चारण १३
२.५.४ ‘अ’ को उच्चारणमा ‘आ’ हुने उच्चारणगत त्रुटि १३
२.५.५ अनुनासिक उच्चारणमा हुने त्रुटिहरु १४
२.५.६ शव्दको आदिमा आउने ‘स’ को अगाडी ‘इ’ वा ‘उ’ स्वर थपिएर हुने त्रुटि १४
२.५.७ ‘ण’ र ‘न’ उच्चारणमा हुने त्रुटि १४
२.५.८ ‘य’ र ‘ए’ को रुपमा उच्चरित त्रुटि १४
२.५.९ ‘द’ र ‘ध’ को संयुक्त प्रयोगमा ‘ध’ लोप हुने र ‘द’ उच्चारणमा हुने त्रुटि १४
२.५.१० रेफ ‘र’ संयुक्त ‘ऋ’ को उच्चारणमा हुने त्रुटि १५
२.५.११ उच्चारणमा ‘ह’ वर्ण लोप हुने १५
२.५.१२ ‘क्ष’ को ‘छ’ को रुपमा उच्चारित १५
२.५.१३ भाषिगत प्रभावमा शव्दको उच्चारणमा हुने त्रुटि १५
२.६ मैथिली भाषाको परिचय र विशेषता १५
२.६.१ विषय प्रवेश १५
२.६.२ मैथिली भाषाको परिचय १६
२.६.३ मैथिली भाषाको उत्पति १७
२.६.४ मैथिली भाषाको क्षेत्र १८
२.६.५ मैथिली भाषाको भेद र उपभाषिका १८
२.६.६ मैथिली भाषाको ध्वन्यात्मक विशेषता २०
२.६.७ मैथिली भाषाको वर्तमान स्थिति २१

**अध्यायः तीन**

**अध्ययन विधि तथा प्रकृया** २२-२३

३.१ अध्ययन विधि २२

३.२ जनसंख्या २२

३.३ नमुना छनौट २२

३.४ सामग्री संकलनको स्रोत २२

३.५ तथ्यांक विश्लेषण तथा व्याख्या २३

**अध्यायः चार**

**व्याख्या र विश्लेषण** २४-४७

४.१ मैथिली भाषी विद्यार्थीहरुले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरु २४

४.२ अनुनासिक वर्णहरुको उच्चारण सम्बन्धित त्रुटिहरु २४

४.३ संयुक्त व्यञ्जन भएका वर्णहरुको उच्चारण सम्बन्धित त्रुटिहरु २६

४.४ अ वर्णको उच्चारण गर्दा हुने त्रुटिहरु २७

४.५ प्राणत्वको वर्णहरुको उच्चारणमा हुने त्रुटिहरु २७

४.६ शव्द उच्चारणमा ह वर्ण लोप हुने त्रुटिहरु २८

४.७ त र ट वर्णहरुको उच्चारण सम्बन्धित त्रुटिहरु ३०

४.८ मौखित उच्चारण गराउदा भएका त्रुटिहरु ३८

४.९ अनुच्छेद सस्वर पठन गर्दा त्रुटिपूर्ण उच्चारण भएका शव्दहरु ३९

४.१० उच्चारण सम्बन्धित त्रुटिका कारणहरु ४०

४.११ त्रुटि निराकरणका उपायहरु ४१

४.११.१ त्रुटिहरुको तुलनात्मक अध्ययन ४३

४.११.२ शहरी तथा ग्रामीण सामुदायिक विद्यालयका विद्यार्थीहरुको उच्चारणगत क्षमताको तुलना ४३

४.११.३ ग्रामीण सामुदायिक बिद्यालयका बिद्यार्थीहरुको उच्चारणगत स्थिति ४३

४.११.४ ग्रामीण सामुदायिक छात्रा बिद्यार्थीहरुको उच्चारणगत स्थिति ४४

४.११.५ ग्रामीण बिद्यालयका बिद्यार्थीहरुको उच्चारणगत स्थिति क्षमता विश्लेषण ४५

४.११.६ शहरी क्षेत्रका विद्यार्थीहरुका उच्चारणगत स्थिति ४६
४.११.७ शहरी सामुदायिक विद्यालयका छात्राहरुहरुको उच्चारणगत स्थिति ४६
४.११.८ शहरी सामुदायिक विद्यालयका विद्यार्थीहरुको उच्चारणगत स्थिति क्षमता विश्लेषण ४६
४.११.९ ग्रामीण तथा शहरी सामुदायिक विद्यालयका मैथिली भाषी र मैथिली भाषीकेत्तर विद्यार्थीहरु विच उच्चारणगत स्थितिको तुलना स्थिति ४६
४.११.१० मैथिली भाषीकेत्तर विद्यार्थीहरुको उच्चारणगत स्थिति ४७
४.११.११ सामुदायिक विद्यालयका मैथिली भाषी र मैथिली भाषीकेत्तर विद्यार्थीहरुको उच्चारणगत तुलनात्मक स्थिति विश्लेषण ४७

**अध्याय : पाँच**

**उपसंहार** **४८-५५**

५.१ निष्कर्ष ४८
५.२ वर्ण उच्चारण सम्बन्धित निष्कर्ष ४८
५.३ सुझावहरु ५१
५.४ शैक्षिक प्रयोजन ५४
५.५ भावी अनुसन्धानका सम्भावित शिर्षकहरु ५५
सन्दर्भ सूची
परिशिष्ट
व्यक्तिवृत

# तालिका सूची


| तालिका नं. | | पृष्ठ नं |
|---|---|---|
| तालिका नं. १ | अनुनासिक वर्णहरुको उच्चारण सम्बन्धित त्रुटिहरु | २५ |
| तालिका नं. २ | अनुनासिक वर्णको उच्चारणमा त्रुटि गर्ने विद्यार्थी संख्या र प्रतिशत | २५ |
| तालिका नं. ३ | संयूक्त व्यञ्जन वर्णहरु र शब्दहरुको उच्चारण सम्बन्धी त्रुटिहरुः | २६ |
| तालिका नं. ४ | संयूक्त व्यञ्जन भएका उच्चारणमा त्रुटि गर्ने विद्यार्थी संख्या र प्रतिशत | २६ |
| तालिका नं. ५ | प्राणत्वको आधारमा वर्णहरुको उच्चारणमा हुने त्रुटिहरु | २८ |
| तालिका नं. ६ | प्राणत्वका वर्णहरुको उच्चारणमा त्रुटिपूर्ण उच्चारण गर्ने विद्यार्थी संख्या र त्रुटि प्रतिशत | २८ |
| तालिका नं. ७ | उच्चारणमा 'ह' वर्णको लोप हुने शब्दका त्रृटिहरु | २८ |
| तालिका नं. ८ | उच्चारणमा 'ह' वर्ण लोप गराई त्रुटिपूर्ण उच्चारण गर्ने विद्यार्थी संख्या र त्रुटि प्रतिशत | २९ |
| तालिका नं. ९ | उच्चारण गराउन सबभन्दा बढी त्रुटि टीठलाग्दो शब्द | ३० |
| तालिका नं. १० | 'क्ष' र 'छ' वर्णहरुको उच्चारणमा हुने त्रुटिहरु | ३१ |
| तालिका नं. ११ | संयूक्त शब्दहरुमा प्रयोग | ३१ |
| तालिका नं. १२ | 'य' र 'ए' वर्ण सम्बन्धित उच्चारणमा गर्ने त्रुटि | ३२ |
| तालिका नं.१३ | उच्चारण गराउँदा ऐनकानुन शब्द | ३२ |
| तालिका नं.१४ | 'ण' वर्ण सम्बन्धित उच्चारण गर्ने त्रुटि | ३३ |
| तालिका नं.१५ | 'ण' वर्णको उच्चारणमा गर्ने त्रुटि विद्यार्थी संख्या र प्रतिशत | ३३ |
| तालिका नं. १६ | रेफ सम्बन्धित उच्चारणगत त्रुटि | ३४ |
| तालिका नं.१७ | रेफ सम्बन्धित गर्ने त्रुटि विद्यार्थी संख्या र प्रतिशत | ३४ |
| तालिका नं.१८ | पूर्ण वर्ण सम्बन्धित त्रुटि | ३५ |
| तालिका नं.१९ | पूर्ण वर्णसम्बन्धित त्रुटि गर्ने विद्यार्थी संख्या र प्रतिशत | ३५ |
| तालिका नं.२० | अनुनासिक उच्चारण सम्बन्धि त्रुटि | ३६ |
| तालिका नं.२१ | किवदन्ती शब्दोउच्चारण | ३६ |
| तालिका नं.२२ | आदि स्थानमा आउने 'स' वर्ण सम्बन्धी उच्चारण गर्न त्रुटि | ३७ |

तालिका नं.२३ आदि स्थानमा स वर्णको उच्चारणमा त्रुटि गर्ने विद्यार्थी संख्या र प्रतिशत ३७
तालिका नं.२४ मौखिक उच्चारण गराउँदा भएका त्रुटिहरु ३८
तालिका नं.२५ अनुच्छेद सस्वरपठन गर्दा भएका त्रुटिहरु ३९
तालिका नं.२६ ग्रामीण सामुदायिक विद्यालयका छात्रहरुको उच्चारणगत स्थिति ४३
तालिका नं.२७ ग्रामीण सामुदायिक विद्यालयका छात्राहरुले गर्ने उच्चारणगत त्रुटि स्थिति ४४
तालिका नं.२८ शहरी सामुदायिक विद्यालयका छात्र विद्यार्थीहरुको उच्चारणगत स्थिति ४६
तालिका नं.२९ शहरी सामुदायिक विद्यालयका छात्राहरुको उच्चारणगत स्थिति ४६
तालिका नं.३० मैथिली भाषीकेत्तर विद्यार्थीहरुको उच्चारणगत स्थिति ४७